अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार १७ मंसिर ०७९

सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड
(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)
का.म.न.पा. वडा नं. ४, काठमाडौं
फोन नं. ४-३७३०३०, ४-३७२८२८, फ्याक्स नं. ४०१५७९९
Email: middletamor@sanimahydro.com

# सातौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

**श्री शेयरधनी महानुभावहरु,**

यस सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेडको मिति २०७९ मंसिर १५ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार कम्पनीको सातौं वार्षिक साधारणसभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति :** २०७९ पौष १४ गते बिहिबार (२९ डिसेम्वर, २०२२) ।
**समय :** बिहान ११:०० बजे
**स्थान :** अकामा होटेल, का.म.न.पा.-४, धुम्बाराही, काठमाण्डौं र विद्युतीय माध्यम ZOOM APP मार्फत एकसाथ सभा सञ्चालन हुनेछ ।

**छलफलका प्रस्तावहरु :**

**(क) साधारण प्रस्तावहरु :**

१. सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल तथा निर्णय पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ साल आषाढ मसान्त सम्मको वासलात, आ.व. २०७८/७९ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तीय विवरणसँग सम्बद्ध अनुसूचिहरु समेत छलफल गरी पारित गर्ने ।
३. लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आ. व. २०७९/०८० को लागि लेखापरीक्षकको नियुक्ती र पारिश्रमिक निर्धारण गर्ने ।
४. सञ्चालक नियुक्ति सम्बन्धी सञ्चालक समितिको निर्णय अनुमोदन गर्ने ।
५. सञ्चालक समिति तथा अन्य उप-समितिको बैठक भत्ता वृद्धि गर्ने ।

**(ख) विशेष प्रस्तावहरु :**

१. कम्पनीको उद्देश्य परिमार्जन, पूँजीगत संरचना र सञ्चालक समितिको संरचनामा परिवर्तन गर्नका लागि कम्पनीको प्रबन्धपत्रको दफा ४ को उपदफा (१) को (क), दफा ६ को (घ) र (च) तथा दफा ८ को (क) तथा नियमावलीको नियम ३१ को (१) मा संशोधन गर्ने ।
२. प्रबन्धपत्रको दफा तथा नियमावलीको नियम संशोधन अभिलेखका सम्बन्धमा कम्पनीको तर्फबाट गर्नु पर्ने आवश्यक कार्यहरु गर्न तथा यस सम्बन्धमा सम्बन्धित निकायको निर्देशन बमोजिम फेरबदल वा अन्य आवश्यक कार्यहरु गर्न गराउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध ।**

**वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारीहरु :**

१. विद्युतीय माध्यमबाट सभामा भाग लिन चाहने शेयरधनी महानुभावहरुलाई Meeting ID / Passcode निजहरुको इमेलमा पठाइने छ, भने कुनै शेयरधनी महानुभावलाई Meeting ID / Passcode प्राप्त नभएमा सभा सुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै फोन नं. ०१-४३७३०३० वा मोबाईल नं. ९८४१७६७४३४ मा वा कम्पनीको आधिकारिक ईमेल : middletamor@sanimahydro.com मा सर्म्पक गरी प्राप्त गर्न सक्नुहुनेछ ।
२. सभा सुरु हुनु भन्दा एक घण्टा अगाडिबाट भर्चुअल माध्यम खुल्ला गरिनेछ । उक्त एक घण्टाको समयभित्र सभामा सहभागी हुने शेयरधनीहरुले दिइएका Meeting ID / Passcode को माध्यमबाट Login गरी आफ्नो परिचय सहित उपस्थितिको जानकारी सभालाई दिनु पर्नेछ ।
३. वार्षिक साधारण सभास्थलमा भौतिक रुपमा उपस्थित भई भाग लिन इच्छुक शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन बिहान १० बजे देखि सभा संचालन रहेसम्म खुल्ला रहने छ ।
४. भर्चुअल माध्यमबाट आफ्नो राय,सुझाव वा मन्तव्य राख्न चाहनु हुने शेयरधनी महानुभावहरुले सभा सुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै फोन नं. ०१-४३७३०३० वा मोबाईल नं. ९८४१७६७४३४ वा कम्पनीको आधिकारिक ईमेल: middletamor@sanimahydro.com मा सर्म्पक गरी नाम टिपाउन हुन अनुरोध गर्दछौं ।
५. शेयरधनी महानुभावहरुको जानकारीका लागि कम्पनीको वार्षिक साधारण सभाको सूचना, वार्षिक आर्थिक विवरण तथा वित्तीय प्रतिवेदन निजहरुको इमेल ठेगानामा पठाइने छ ।
६. सभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले यसै कम्पनीका अर्का शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सकिने हुँदा सभा सुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कम्पनीको केन्द्रिय कार्यालय, का.म.न.पा. वडा नं. ४, धुम्बाराही काठमाण्डौंमा प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ ।
७. अन्य आवश्यक जानकारीका लागि कम्पनीको रजिष्टर्ड कार्यालय, धुम्बाराही, काठमाण्डौं वा फोन नं. ४-३७३०३०,४-३७२८२८ मा सम्पर्क राख्नुहुन हार्दिक अनुरोध गर्दछौं ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव